खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल

KHAIRAHANI MUNICIPALITY
Office of the Municipal Executive
Khairahani, Chitwan, Bagmati Province, Nepal

प.सं. :
च.नं. :

वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रममा अनुदान सम्बन्धी सूचना

(दोश्रो पटक सूचना प्रकाशित मिति : २०८३/०७/१०)

खैरहनी नगरपालिकाको **वैदेशिक रोजगारबाट फर्केका** युवा लक्षित कृषि कार्यक्रममा सहभागी हुन इच्छुक युवा उद्यमीहरूले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र तपसिलका कागजात सहित खैरहनी नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

कार्यक्रमको नाम	कुल बजेट	आवेदक	अन्य
वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रम	पाँच लाख रुपैया	युवा उद्यमी	वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०८० का आधारमा

संलग्न हुनुपर्ने कागजात:

१. निवेदन (माथि उल्लेखित कार्यविधि को अनुसूची-२ को ढाँचामा),
२. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (एका घरको फर्म भएमा मान्य हुने),
३. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. चालु आ.व. २०८३/८४ को सम्पत्ती कर (मालपोत) तिरेको रसिदको प्रतिलिपि,
५. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
६. कार्यक्रमको प्रस्तावना (माथि उल्लेखित कार्यविधि को अनुसूची-४ को ढाँचामा),
७. तालिम लगायत अन्य प्रमाणपत्रको प्रतिलिपि ,
८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

कार्यविधि हेर्न / डाउनलोड गर्न
QR कोड स्क्यान गर्नुहोस्

पुनश्च : (क) १८ वर्ष देखि ५० वर्ष सम्मको युवा उद्यमी वैदेशिक रोजगारीमा विदेशमा घटीमा ६ महिना बसि फर्केको ६ महिना पुरा भई ३ वर्ष नपुगेको हुनुपर्ने। (ख) युवा उद्यमीले ५०% लागत साझेदारी गर्नु पर्ने छ। (ग) बढीमा १ लाख सम्म अनुदान उपलब्ध गराइने छ । (घ) तरकारी बाली, ड्रागन फ्रुट/स्ट्रबेरी/एभोकाडो, कागती/खरबुजा/मेवा/भुइँकटहर, च्याउ खेती, मौरीपालन आदी बालीको लागि मात्र अनुदान उपलब्ध हुने।

नोट : आवेदन दिने अन्तिम दिन सार्जनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन आवेदन दिन सकिनेछ।

थप जानकारीको लागि :
खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कृषि शाखा
मोबाइल नं: ९८४५८११३६१, ९८४१८१४४२९, ९८४५१०५४९७

(सुशीला अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत